**आकाशवाणी खरसाङ, प्रादेशिक समाचारः नेपाली**

मितिः १२ मई २०२४

समयः १८:५० – १९:०० बजे

**प्रमुख समाचार**

१. भाजपाका वरिष्ठ नेता तथा प्रधानमन्त्री नरेन्द्र मोदीले आज हुगलीको परशुराममा एउटा जनसभालाई सम्बोधन गर्दै बंगाल ईश्वरचन्द्र विद्यासागरको भूमि रहेको तर तृणमूल कांग्रेसको शासनमा यहाँ शिक्षा प्रणाली भत्किएको बताउनु भएको छ।

२. भारतीय जनता पार्टीका वरिष्ठ नेता तथा केन्द्रीय गृहमन्त्री अमित शाहले आज पाकिस्तान अधिकृत कश्मीर (पीओके) भारतको रहेको र भारत ले यसलाई लिने बताउनु भएको छ।

३. लोकसभा चुनावको चौथो चरणमा ८ राज्य अनि एक केन्द्र शाशित प्रदेशमा ९६ सिटको निम्ति भोलि अर्थात् १३ मईमा मतदान सम्पन्न हुने छ।

४. पश्चिम बंगालको आठ लोकसभा सीटहरूको निम्ति भोलि अर्थात १३ मईमा चौथो चरणको निम्ति मतदान सम्पन्न हुनेछ।

५. राज्यका राजधानी कोलकाता समेत अन्य भागहरूमा फेरि गर्मी बढ्ने सम्भावना रहेको छ।

**पीएम**

प्रधानमन्त्री तथा भारतीय जनता पार्टीका वरिष्ठ नेता नरेन्द्र मोदीले आज हुगलीको परशुरामा आरामबाग लोकसभा निर्वाचन क्षेत्रबाट पार्टी उम्मेदवारको समर्थनमा जनसभालाई सम्बोधन गर्दै विगतको कांग्रेस सरकारको तुलनामा अनुसूचित जनजाति समुदायको बजेट धेरै गुणा बढाइएको बताउनु भयो। श्री मोदीले भन्नु भयो अनुसूचित जनजाति समुदायको विद्यार्थीहरुलाई छात्रवृत्ति दिईएको छ। उहाँ बंगाल ईश्वर चन्द्र विद्यासागरको भूमि हो तर यहाँको शिक्षा प्रणाली तृणमूल कांग्रेसको शासनमा ध्वस्त भएको बताउनु भयो। उहाँले पश्चिम बङ्गालमा शिक्षक भर्ना घोटालाले राज्यको प्रतिष्ठामा आँच पुरयाएको बताउनु भयो।

****** ० ******

**अमित शाह**

भारतीय जनता पार्टीका वरिष्ठ नेता तथा केन्द्रीय गृहमन्त्री अमित शाहले आज पाकिस्तान अधिकृत कश्मीर (पीओके) भारतको हो र श्हामी यसलाई लिनेछौँ भन्नु भएको छ। उहाँले मणिशङ्कर अय्यर र फारुक अब्दुल्लाले पाकिस्तानको पक्षमा रहेको बयानहरुको आलोचना गर्दै, भाजपा सरकार पाकिस्तान संग नडराउने र पीओकेलाई लिएर नै छोड्ने बताउनु भयो श्री शाहले उत्तर प्रदेशको कौशाम्बीबाट भाजपाका उम्मेदवार विनोद सोनकरको समर्थनमा महेशगञ्जको नायरदेवी धाममा चुनावी सभालाई सम्बोधन गर्नु हुँदै थियो। गृहमन्त्रीले विपक्षी दलहरुले भोट बैंकको मात्रै चिन्ता रहेको बताउनु भयो। उहाँले विपक्षी दलहरुको गठबन्धन इंडिया जित्ने सम्भावना नरहेको बताउनु भयो। श्री शाहले प्रधानमन्त्री मोदीले देशबाट आतंकवाद र नक्सलवाद हटाउन काम गरेको बताउनु भयो।

****** ० ******

**लोकसभा चुनाव चौथौ चरण**

लोकसभा चुनावको चौथो चरणमा ९ राज्य अनि एक केन्द्र शासित प्रदेशमा ९६ सीटहरूको निम्ति भोलि भोट हालिनेछ। यस चरणमा आन्ध्र प्रदेशको २५, तेलेंगनाको १७, उत्तर प्रदेशको १३, महाराष्ट्रको ११, मध्य प्रदेश अनि पश्चिम बंगालको ८-८, बिहारको ५, झारखण्ड अनि ओडिशको ४-४ तथा केन्द्र शासित प्रदेश जम्मू काश्मीरको एक सीटमा मतदान हुनेछ। निर्वाचण आयोगले बताएको छ कि लोकसभा चुनावको चौथो चरणमा जम्मा एक हजार ७१७ उम्मेद्वार चुनावी मैदानमा रहेका छन्। एक लाख ९२ हजार मतदान केन्द्रहरूमा १९ लाखभन्दा अधिक चुनाव कर्मी तैनाथ गरिनेछ।

****** ० ******

**लोकसभा चुनाव पश्चिम बंगाल**

लोकसभा चुनावको चौथो चरणमा भोलि अर्थात १३ मई को दिन बंगालको आठ सिटहरुमा मतदान सम्पन्न हुनेछ। यी आठ सिटहरु बहरमपुर,कृष्णानगर,राणाघाट, बर्धमान, बर्धमान-दुर्गापुर, आसनसोल, बोलपुर एवं बीरभूम रहेका छन्।

चुनावलाई लिएर कडा सुरक्षाको व्यवस्था गरिन्दैछ। प्रायरू मतदान कर्मीहरु आफ्ना- आफ्ना मतदान केन्द्रहरुमा पुगी सकेका छन् द्यचुनाव शांतिपूर्ण ढंगमा सम्पन्न गराउन, आयोगले सबै तारतम्य मिलाई सकेको छ। चुनाव सुचारू रूपमा संपन्न गराउनका लागि बोलपुर एवं बीरभूम जिल्लामा केंद्रीय बलका मोठ १३१ कंपनि तैनात गरिसकेको छ। यसबाहेक राज्य पुलिसका ६ हजार १७२ अधिकारिहरु अनि जवानहरुको तैनाती गरिसकेको छ। ठाउँ-ठाउँमा ६४ वटा नाका चेकिंग प्वाइंट पनि बनाइएको छ। चुनाव आयोगद्वारा दिइएको आंकडा अनुसार, बोलपुर लोकसभामा कुल मतदाताहरुका संख्या १८ लाख ३६ हजार २३४ छन्। एक हजार ६७६ मतदान केन्द्रहरुमा कुल आठ उम्मीद्वारहरूको भाग्यको फैसला हुन गैरहेको छ । बीरभूम लोकसभामा कुल मतदाताहरुका संख्या १८ लाख ५७ हजार २२ छन्। एक हजार ६४३ मतदान केन्द्रहरुमा बीरभूम लोकसभामा १२ उम्मीद्वारहरुका भाग्यको फैसला हुनेछ।

****** ० ******

**प्रधानमन्त्री-ममता दिदि**

प्रधानमन्त्री नरेन्द्र मोदीले बंगालमा आज चारवटा जनसभा गर्नु भयो। यस अवधिमा, उहाँले ब्याराकपुरबाट बीजेपी उम्मेद्वार अर्जुन सिंहको समर्थनमा आयोजित जनसभालाई सम्बोधन गर्दै पाँच ग्यारेन्टीको बारेमा कुरा गर्नु भयो जसमा धर्मको आधारमा कुनै आरक्षण न गर्ने, राम नवमीको पालना र सीएए को कार्यान्वयन समावेश छ। अमडांगामा तृणमूल उम्मेद्वार पार्थ भौमिकको समर्थनमा आयोजित जनसभालाई सम्बोधन गर्दै, ममता ब्यानर्जीले सीएएमा मतुआहरू पहिलेदेखि नै भारत को नागरिक रहेको बताउनु भयो। ममता ब्यनेर्जीले प्रधानमन्त्री मोदीलाई चुनौती दिंदै भन्नु भयो यदि मटुआ समुदायलाई छोयो भने उहाँलाई छोएको बराबर हुनेछ।

****** ० ******

**एरेस्ट**

कूचबिहार जिलेमा भारत-बांग्लादेश सीमामा तैनात उत्तर बंगाल फ्रंटियरको जलपाईगुड़ी सेक्टर अंतर्गत छैटौ बटालियन सीमा सुरक्षा बलले एकजना बांग्लादेशी नागरिकलाई घुसपैठ गरिरहेको समयमा पक्राऊ गरेको छ द्य बीएसएफले आज प्रेस विज्ञप्ति जारी गर्दै यो जानकारी दिएको छ। कि बांग्लादेशी नागरिकलाई त्यस समय बीएसएफका जवानहरुले पक्रे जब कथित व्यक्ति अवैध रूपमा भारतबाट बांग्लादेशको सीमा पार गर्ने प्रयास गरिरहेको थियो। तलाशी लिंदा त्यस व्यक्तिबाट भारतीय १४ हजार ५०० रुपिया अनि एउटा मोबाइल फोन बरामद गरियो। पक्राउ परेको बांग्लादेशी नागरिकलाई जफत सामानसितै बीएसएफले अघिल्लो कार्रवाईको निम्ति कुचलीबाड़ी थानालाई सुम्पिएको छ।

****** ० ******

**पर्वतारोहण**

नेपालका चिरपरिचित पर्वतारोही कामी रीता शेरपाले माउंट एवरेस्टमा सर्वाधिक चडाइ गरेर आफ्नै विश्व कीर्तीमान तोडिदिएको छ द्य ५४ वर्षीय पर्वातारोहीले आज बिहान आठ हजार आठ सय ४६ मीटरको उचाई भएको यस शिखरमा २६ औ पल्ट पुग्नमा सफल भएकी छिन्। सेवन समिट ट्रैक्स द्वारा आयोजित यस पर्वतारोहण अभियानमा बीस पर्वतारोही सामेल रहेका थिए ।

****** ० ******

**नर्स दिवस- खरसाङ**

आज अन्तरार्ष्ट्रीय नर्स दिवसको अवसरमा खरसाङ महकुमा अस्पतालमा कार्यरत् नर्सहरूलाई भारती गोर्खा प्रजातान्त्रिक मोर्चा खरसाङ महकुमा साथै जीटीएद्वारा सम्मान जनाइएको छ। भागोप्रमो खरसाङ महकुमा समितिद्वारा अस्पतालका नर्सहरुलाई उनीहरुको योगदानको लागि खदार्पण साथै केक काटेर सम्मान जनाएको हो। उक्त सम्मान विषयमा पत्रकारहरूसित कुराकानी गर्दै स्वास्थ्य विभागको एमओडी सभासद श्याम शेर्पाले विश्व नर्स दिवसको अवसरमा भागोप्रमोले वार्षिक रूपमा नर्सहरूलाई सम्मान जनाउने कार्य गर्दै आईरहेका छन् भने यसपाली पनि नर्सहरूलाई सम्मान जनाइएको जानकारी दिनु भएको छ।

****** ० ******

**गुमानसिह चाम्लिङ-जन्मजयन्ती**

भारतेली नेपाली भाषाका बिज्ञहरुमध्ये एक स्वर्गीय आदित्य बिक्रम गुमानसिह चाम्लिङको आज ७१औ जन्मजयन्तीको अवसरमा दार्जिलिङ पुलबजार खण्डको रेलिङ ग्राम पन्चायतको रेलिङ स्थित राईको सालिकमा, सालिक निर्माण समिति,

स्वर्गीय चाम्लिङको परिवार तथा रेलिङ ग्राम पन्चायतका सदस्यीयहरु श्रद्धा सुमन चडाएका छन। कार्यक्रममा सालिक निर्माण समितिका महासचिव सतिस पोखेल ग्राम पन्चायतका सदस्यहरु सगै परिवारका सदस्यीयहरुले छुट्टाछुट्टै रूपमा सहभागिता जनाएका थिए। स्मरण रहोस् स्वर्गीय चाम्लिङ टिस्टामा जन्मिएको भए पनि जीवनको धेरैजसो समयमा रेलिङमा बिताएका थिए भने उहाँले भारतेली नेपाली साहित्यमा मौलो जस्तो बिख्यात पुस्तक छोडेर गएका छन।

****** ० ******

## उपन्यास कोल्टे गोलाई-लोकार्पण

खरसाङ महकुमा अन्तर्गत तीनधारेदेखि केही मुनि चुनभट्टीमा बसन्त प्रधानद्वारा लिखित उपन्यास कोल्टे गोलाईको लोकार्पण गरिएको छ। कार्यक्रममा उक्त पुस्तकमाथि शिक्षक विदुर प्रधानले जानकारी गराउनु भएको थियो भने स्रष्टा एंव उपन्यासकार बसन्त प्रधानको जीवनी विषयमा डा आदित्य मोक्तानले बिवरण प्रस्तुत गर्नु भएको थियो। कार्यक्रममा सम्बोधन प्रकाशनको पक्षबाट स्रष्टा सुरज रोसुरी र पुस्तकमाथि समीक्षात्मक टिप्पणी कवि एंव पत्रकार शैलेन्द्र समदर्शीले राख्नु भएको थियो। कार्यक्रम विषयमा पत्रकारहरूसित कुराकानी गर्दै रञ्जित थापाले लोकार्पित पुस्तक बलियो विषयमा लेखिएको बताउनु भयो। कार्यक्रमको मुख्य अतिथि मोहनकुमार प्रधान अनि विशिष्ट अतिथिहरू, स्रष्टा बसन्त प्रधान लगायत अन्यहरूका बाहुलीबाट कोल्टे गोलाई उपन्यासको लोकार्पण गरिएको थियो।

****** ० ******

## होटल म्यानेजमेन्ट वर्कसप

बिजनबारी युथ फोरमको मुख्य आयोजना तथा डागापुरको सकृयतामा बिजनबारीमा एक दिने होटेल म्यानेजमेण्ट सेमिनारसंगै वर्कसप सम्पन्न गरिएको छ। बिजनबारी मार्सल आर्ट भवनमा आयोजना गरिएको कार्यक्रममा डागापुरबाट दिपक कुमार चौधरी तथा एडमिसन अफिसर बिबेक प्रधान प्रमुख रूपमा उपस्थित थिए भने उनीहरूले उपस्थिति विद्यार्थीहरुमा होटेल म्यानेजमेन्ट सम्बन्धित तालिम तथा यसको क्षेत्रबारेमा बृस्तित रूपमा जानकारी गराउनु भएको थियो।

****** ० ******

## कर्म ग्याल्छेन बम्जन-सम्मान

वरिष्ठ गायक, संगीतकार, गीतकार एंव कलाकार कर्म ग्याल्छेन बम्जनलाई आज खरसाङमा स्रष्टा सम्मानद्वारा सम्मानित गरिएको छ। कलाकार संघ खरसाङ र नमस्ते खरसाङको संयुक्त आयोजनामा खरसाङको गोर्खा जनपुस्ताकालय भवनमा सम्पन्न एक कार्यक्रमबीच कलाकार कर्म ग्याल्छेन बम्जनलाई सम्मानित गरिएको हो। उहाँलाई सम्मान जनाउन आयोजित कार्यक्रममा नमस्ते खरसाङको प्रबन्ध निर्देशक निर्मल गुरुङले स्वागत सम्भाषण राखेको कार्यक्रमलाई सबिना गिरीले सञ्चालन गर्नु भएको थियो। कार्यक्रममा महेश सेवा, सुरक्षा सेञ्चुरी, श्रावण बराईली आदिले गीत प्रस्तुत गरेका थिए। कार्यक्रममा गायक, संगीतकार एंव गीतकार कर्म ग्याल्छेन बम्जन विषयमा कलाकार संघ खरसाङको प्रमुख महेश्वर लामाले विस्तृत रूपमा जानकारी गराएका थिए। कार्यक्रममा सिलभेष्टर लेप्चाले आर्कषक नृत्य प्रस्तुत गर्नु भयो।

****** ० ******

## मौसम

राज्यका राजधानी कोलकाता समेत अन्य भागहरूमा फेरि गर्मी बढ्ने सम्भावना रहेको छ। अलिपुरस्थित मौसम विभागको क्षेत्रीय मुख्यालयद्वारा जारी बयानमा बताइएको छ, कोलकातामा न्यूनतम तापमान २३.३ डिग्री सेल्सियस रेकर्ड गरिएको छ जुन सामान्यभन्दा चार डिग्री कम हो जबकि अधिकतम तापमान ३३.५ डिग्री सेल्सियस पुगेको जुन सामान्यभन्दा दुई डिग्री कम हो। यद्यपि गएको अप्रेल महिनाको अन्तदेखि मई महिनाको शुरूआती हप्तासम्म अधिकतम तापमान ४४ डिग्री सेल्यिससम्म पुगेको थियो। त्यसको तुलनामा वर्तमानमा गर्मी कम रहेको छ।

****** ० ******

************